बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**सामाजिक विकास कार्यालय, हेटौडा, मकवानपुर**

**सामुदायिक विद्यालयमा आधुनिक, प्रविधिमैत्री र अनुसन्धानमा आधारित**

**भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/११/०५)

चालु आ. व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा **"भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२"** को दफा ३ बमोजिमका सर्त पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयहरु (कक्षा १ -१२) ले प्रस्तावित बजेट र अनुसूची ४ बमोजिमको विद्यालयको आवश्यकताका आधारमा सम्बन्धित क्षेत्रका क्रियाकलापको कार्यान्वयन योजना तथा मूल्याङ्कनका लागि पुष्टि हुने कागजातहरु सहित उक्त कार्यविधिको अनुसूची -२ को ढाँचामा आवेदन यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्न सिन्धुली, मकवानपुर र चितवन जिल्लाका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | **१. प्रस्ताव पेश गर्ने सामुदायिक विद्यालयले कार्यविधिको दफा ३ बमोजिम पुरा गर्नु पर्ने सर्तहरु** |
|---|---|
| सामुदायिक विद्यालयमा आधुनिक, प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | क. सामुदायिक माध्यमिक विद्यालय कक्षा १ देखि कक्षा१२ सम्म सञ्चालन भएको हुनुपर्नेछ,<br>ख. विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्नेछ,<br>ग. विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रमहरु नपाएको हुनुपर्नेछ,<br>घ. विद्यालयले नियमित रुपमा एकिकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्नेछ,<br>ङ. नमूना (सङ्घीय तथा प्रदेश), आवासीय तथा ठुला विद्यालयको रुपमा सञ्चालन नभएको हुनुपर्नेछ,<br>च. आ.व. २०७९/०८०,२०८०/०८१ मा प्रदेश सरकारको विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम र शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम र २०८१।०८२ मा विद्यालय गुणस्तर सुधार कार्यक्रम प्राप्त नगरेको हुनुपर्नेछ,<br>छ. शैक्षिक सत्र २०८२ मा माध्यमिक तह कक्षा ९-१२ सम्ममा कम्तिमा ७५ जना विद्यार्थी भर्ना भई अध्ययनरत हुनुपर्नेछ,<br>ज. आ.व. २०८२/०८३ मा सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका निकायबाट कुनै पनि कार्यक्रम प्राप्त गरेको भए आवेदन दिन पाइनेछैन,<br>झ. विद्यालयले आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित गुणस्तर शिक्षा प्रवर्द्धनमा सहयोग पुग्ने गरी आफ्नो आवश्यकताका आधारमा कार्यविधिको अनुसूची ४ बमोजिमको क्षेत्र वा क्रियाकलाप छनोट गरी प्रस्तावना पेश गर्नु पर्नेछ,<br>ञ. यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको स्व घोषणा पत्र पेश गर्नुपर्नेछ,<br>ट. विद्यालय सुधार योजना वार्षिक रुपमा अद्यावधिक गरेको हुनुपर्नेछ । |
| | **२. प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु** |
| | क. प्रस्तावित बजेटको कार्यविधिको अनुसूची ४ बमोजिम विद्यालयको आवश्यकताका आधारमा सम्बन्धित क्षेत्रका क्रियाकलापको कार्यान्वयन योजना,<br>ख. सामुदायिक माध्यमिक विद्यालयले कार्यविधिको अनुसूची-२ बमोजिमको आवेदन फारम विद्यालयले अनिवार्य भरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित कागजात,<br>ग. शैक्षिक सत्र २०८२ मा IEMIS मा प्रविष्टि गरिएको कक्षागत विद्यार्थी विवरणको प्रमाणित प्रतिलिपी,<br>**घ. निम्न अनुसारको सम्बन्धित स्थानीय तहको शिक्षा शाखा/महाशाखाको सिफारिस**<br>अ. विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भई हालसम्म म्याद कायम रहेको,<br>आ. विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिबवृद्धि कार्यक्रमको अनुदान नपाएको र<br>इ. नमूना (सङ्घीय), आवासीय तथा ठुला विद्यालयको रुपमा सञ्चालन नभएको<br>ङ. यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको कार्यविधिको अनुसूची ५ बमोजिमको विद्यालयको स्व घोषणा पत्र,<br>च. विद्यालयले शैक्षिक सत्र २०८२ मा अद्यावधिक गरेको विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलीपी।<br>छ. मूल्याङ्कनका लागि पुष्टि हुने अन्य सम्बद्ध कागजातहरु। |
| **स्पष्टिकरणः म्याद नाघी आएको र माथि उल्लेखित सर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।** | |

पुनश्चः सम्बन्धित कार्यविधि र सूचनाको विस्तृत जानकारी सामाजिक विकास मन्त्रालय वागमती प्रदेशको https://mosd.bagamati.gov.np र सामाजिक विकास कार्यालय, मकवानपुरको https://:www.sdohetauda.bagamati.gov.np मा हेर्न र ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख